# नेपालको सन्दर्भमा राष्ट्रियता र राष्ट्रिय एकता

डा. झमक प्रसाद शर्मा


**लेखसार**

*राज्यका लागि निश्चित भूभाग, जनसंख्या, सार्वभौमसत्ता र सरकार अनिवार्य तत्त्व हुन् । राष्ट्र चाहिँ मानिसहरुका बीच भावनात्मक, मनोवैज्ञानिक र आध्यात्मिक रुपमा स्थापित सामाजिक, साँस्कृतिक, राजनैतिक समुदाय भएको हुँदा यसमा मानिसहरु स्वअनुशासित रहेका हुन्छन् र उनीहरुबीच एकात्मकताको भावना रहेसम्म राष्ट्रको अस्तित्व कायम रहन्छ । राष्ट्र-राज्यले एउटा राज्यको राजनीतिक अस्तित्वलाई राष्ट्रको सांस्कृतिक अस्तित्वसँग समाहित गर्दछ, जसको उद्देश्य शासनका लागि राजनीतिक वैधता निर्देशित गर्ने हो र यो सार्वभौमसत्तासम्पन्न हुन्छ । देशभक्ति देशलाई गरिने प्रेम हो भने, व्यक्तिले आफ्नो राष्ट्रबाट प्राप्त गरेका नैसर्गिक गुणहरु अनि उसको अन्तर्मनमा उब्जने राष्ट्रिय विशेषता बोधको अवस्था र राष्ट्रप्रतिको भावनात्मक लगाव चाहिँ राष्ट्रियता हो । विश्वका कतिपय देशमा एउटै देशभित्र अनेकौं राष्ट्रियता पनि पाइन्छ, तर नेपालमा चाहिँ एउटै राष्ट्रियता छ - नेपाली राष्ट्रियता जुन हमेशा एकताको सूत्रमा आवद्ध छ । नेपाली जनताबीच रहेको भावनात्मक एकता, जातीय सहिष्णुता, धार्मिक सहिष्णुता जस्ता कुराले नै नेपाललाई एउटा सिंगो राष्ट्रका रुपमा स्थापित गरेको छ । १२३ भाषा बोल्ने १२५ वटा जातजातिहरुमा म नेपाली हुँ भन्ने आत्मबोधका साथै एउटै राष्ट्रिय साइनोमा आवद्ध भाइचाराको भावना छ, अनि एक अर्काका संस्कृति, भेषभूषा, रीतिरिवाजप्रति सम्मान र सहिष्णुता देखाउने प्रवृत्ति विद्यमान छ । ती सबैको सम्मिश्रण, भाइचारा र एकताबाटै राष्ट्रिय एकता सुदृढ भएको छ । अनादिकालदेखि स्वतन्त्र राष्ट्रका रुपमा विकसित र अक्षुण्ण रही आएकाले अखण्डता, सार्वभौमिकता, सामरिक स्वावलम्बन, देशभक्ति जस्ता सबै गुणहरु नेपालको राष्ट्रियतामा विद्यमान छन् । हालको परिप्रेक्ष्यमा संघीयता, धर्मनिरपेक्षता, मोवायल फोन, इन्टरनेट तथा सामाजिक सञ्जालको विकास र विस्तार, जातीय छुवाछुत तथा विभेदलाई कानुनले दण्डनीय घोषित गरिनु राष्ट्रिय एकताका लागि थप अवसर हो । गरिवी, बेरोजगारी, अशिक्षा, जातीय विभेदको भावना, निहित स्वार्थ प्रेरित राजनीति, अपराधको राजनीतीकरण, राजनीतिको अपराधीकरण जस्ता प्रवृत्तिहरु राष्ट्रिय एकताका चुनौती हुन् ।*


**शब्दकुञ्जीः** राष्ट्र, राज्य, राष्ट्र-राज्य, राष्ट्रवाद, अन्धराष्ट्रवाद, देशभक्ति, राष्ट्रियता, धर्मनिरपेक्षता, धार्मिक सहिष्णुता, राष्ट्रिय एकता ।

**विषय प्रवेशः राष्ट्र**

सभ्यताको प्रारम्भमा मानिसहरुबीच रहेको भाषा, धर्म, संस्कृति, रहनसहन, परम्परा, रीतिरिवाजका साथै आनिबानी र चालचलनका आधारमा एकात्मकताको विकास भई राष्ट्रको उत्पत्ति भएको र राष्ट्र, राज्य, राष्ट्र-राज्य, राष्ट्रियता, राष्ट्रिय एकता जस्ता अवधारणाहरुको विकास भएको देखिन्छ । ल्याटिन भाषा "*natio*" बाट अंग्रेजी शब्द nation को व्युत्पत्ति भएको हो, जसको अर्थ people, tribe, kin, genus, class, flock हुन्छ। (Google Search) अंग्रेजी शब्द Nation लाई नेपालीमा राष्ट्र भनिएको पाइन्छ। राष्ट्र एउटै राज्यभित्र होस् वा विभिन्न राज्यहरुमा जहाँसुकै रहे पनि समान गुण वा स्वभाव वा विशेषता भएका मानिसहरुको समूहिक समग्रता हो। यो एउटा जातिगतभन्दा

पनि मानिसहरुले आ-आफ्ना निश्चित चाहनाहरु पूरा गर्नका लागि सोचविचार गरेर निर्माण गरेको स्वायत्त, अव्यक्तिगत, अमूर्त र राजनीतिक प्रकृतिको साँस्कृतिक-राजनीतिक समुदाय हो र व्यक्तिहरु एक आपसमा आवद्ध भएर स्वस्फूर्त रुपमा मूर्त रुप दिएको समूहको भाग हो, जुन तटस्थ एवं अवैयक्तिक हुन्छ । त्यसो त राष्ट्रका लागि निश्चित भूभाग हुनैपर्छ भन्ने जरुरी हुँदैन तथापि राष्ट्रबाट नै राष्ट्रियताको भावना मुखरित हुन पुग्छ । त्यसैले राज्यभन्दा राष्ट्रलाई व्यापक रुपमा बुझिन्छ । राष्ट्रमा मानिसहरु स्वअनुशासित रहेका हुन्छन् । यो मानिसहरुका बीच भावनात्मक, मनोवैज्ञानिक र आध्यात्मिक रुपमा स्थापित सामाजिक, साँस्कृतिक, राजनैतिक समुदाय भएकाले मानिसहरुबीच एकात्मकताको भावना रहेसम्म राष्ट्रको अस्तित्व कायम रहन्छ । राज्यका लागि निश्चित भूभाग, जनसंख्या, सार्वभौमसत्ता र सरकार अनिवार्य तत्त्व हुन् । राष्ट्र चाहिँ व्यक्तिहरुको समान भावना, गुण एवं विवेकबाट निर्माण हुने भएकाले यसका तत्त्वहरुमा समान भूभाग, भाषा, धर्म, वर्ण, संस्कृति, इतिहास एवं समान राजनीतिक आकांक्षा पर्दछन् । राज्यका लागि सार्वभौमसत्ता अनिवार्य छ । राष्ट्रलाई पनि हेर्न त सार्वभौम रुपमा नै हेरिन्छ, तर राष्ट्र हुनका लागि सार्वभौमसत्ता अनिबार्य छैन । यसको अस्तित्व व्यक्तिहरुको भावनात्मक एकतामा रहेको हुन्छ । राष्ट्र साँस्कृतिक र ऐतिहासिक रुपमा व्यक्तिहरुबीचको एकात्मकताको द्योतक भएको हुँदा यसमा आवद्ध व्यक्तिहरु स्वअनुशासित र स्वचालित रहन्छन् । राष्ट्रमा न त प्रहरी बल वा शक्ति नै हुन्छ, न त शक्तिको प्रयोगको डर नै हुन्छ, केवल नैतिक, भावनात्मक र आध्यात्मिक शक्ति मात्र रहेको हुन्छ र साँस्कृतिक र जनजातीय अस्तित्वसँग सम्बन्धित हुन्छ ।

## राष्ट्र-राज्य

राष्ट्र-राज्य एउटा राज्यको त्यो प्रकार हो, जसले राज्यको राजनीतिक अस्तित्वलाई राष्ट्रको साँस्कृतिक अस्तित्वसँग समाहित गर्दछ । यसको उद्देश्य शासनका लागि राजनीतिक वैधता निर्देशित गर्नु हो । यो सार्वभौमसत्ता सम्पन्न हुन्छ । राष्ट्र-राज्यमा शक्तिको प्रयोग गर्ने र सो राज्यमा रहेका मानिसहरुको हकअधिकारको संरक्षण गरी नागरिक र शासकबीचको सम्बन्धलाई व्यवस्थित गर्नका लागि संविधानको निर्माण गरिएको हुन्छ । (Google Search) देशमा रहेका सबै भाषा, धर्म, संस्कृति, रीतिरिवाज, रहनसहन, परम्पराको संरक्षण र सम्वर्द्धन गरी अनेकतालाई एकतामा आवद्ध गर्ने अनि विभिन्न जातजाति, भाषाभाषी, वर्ण र सम्प्रदायकाबीच एकताका लागि विभिन्न उपायहरु खोज्ने काम गरिएको हुन्छ । राष्ट्र-राज्यमा सबै नागरिकहरुको भावनाको कदर गर्ने किसिमले राज्य सञ्चालनको संयन्त्र निर्माण गरिन्छ । विविधतामा एकता कायम गर्ने र एकताभित्र अनेकताको संरक्षण गर्ने प्रयत्नका साथ राज्यको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण गर्दै अन्तर्राष्ट्रिय समुदायमा राष्ट्रिय स्वाभिमान स्थापित गर्ने दिशामा राज्य व्यवस्था सञ्चालनका आधारहरु तय गरिएको हुन्छ । नेपालमा जनताको माग र आकांक्षाअनुसार राज्य-व्यवस्था सञ्चालन हुँदै आएकोबाट पनि राज्य-व्यवस्था सञ्चालनका आधारहरु समयसापेक्ष हुन्छन् भन्ने देखिन्छ ।

## राष्ट्रियता र नेपाल

व्यक्तिले आफ्नो राष्ट्रबाट प्राप्त गरेका नैसर्गिक गुणहरु अनि उसको अन्तर्मनमा उव्जने राष्ट्रिय विशेषता बोधको अवस्था नै राष्ट्रियता हो । देशभक्ति र राष्ट्रियता पनि फरक विषय हुन् । (खनाल, २०७५-७-२९, पृ.६) देशभक्ति देशलाई गरिने प्रेम हो भने राष्ट्रियता राष्ट्रप्रतिको भावनात्मक लगाव हो । कुनै एउटा देश अर्को देशमा रुपान्तरण पनि हुन सक्छ, तर एउटा राष्ट्र अर्को राष्ट्रमा कहिल्यै पनि रुपान्तरण हुँदैनः यो सदासर्वदा यथावत् रहिरहन्छ । त्यसैले एकपल्ट प्राप्त गरेको राष्ट्रियता पनि राष्ट्र रहेसम्म कायम रहिरहन्छ, कहिल्यै लुप्त हुंदैन । सार्वभौमसत्ता नभएको अवस्थामा राज्यको अस्तित्व समाप्त हुनपुग्छ, तर राष्ट्रको अस्तित्व रहेसम्म व्यक्तिहरुको भावनात्मक एवं संवेगात्मक एकता कायम रहेको हुन्छ । झट्ट हेर्दा राष्ट्रवाद र

राष्ट्रियता उस्तैउस्तै जस्तो देखिए पनि ती फरक कुरा हुन् । राष्ट्रप्रतिको प्रेम नै राष्ट्रवाद हो, तर राष्ट्रवादका नाममा मानवता र विश्ववन्धुत्वलाई आघात पार्ने अथवा अन्य राष्ट्रहरुलाई आघात पार्ने काम भयो भने त्यसलाई अन्धराष्ट्रवाद भनिन्छ (रावल, २०७३-९-२३, पृ. ७) र अन्धराष्ट्रवाद भनेको पाखण्ड हो, कुकृत्य हो र मानवता विरुद्धको अपराध हो जसको उदाहरणका रुपमा इतिहासमा कुख्याति र वदनामी कमाएका फाँसीवाद र नाजीवाद अनि समकालीन विश्वका केही आतंककारी नश्लीय चिन्तनहरुलाई लिन सकिन्छ । अतिराष्ट्रबादी प्रवृत्तिलाई सकारात्मक मान्न सकिन्न । (किराती, २०७४-२-१०, पृ.७) विश्वका कतिपय देशमा एउटै देशभित्र अनेकौं राष्ट्रियता भएको पनि पाइन्छ । तर नेपालमा चाहिँ एउटै राष्ट्रियता छ, जसलाई नेपाली राष्ट्रियता भनिन्छ र यो हमेशा एकताको सूत्रमा आवद्ध छ । बालकृष्ण पोखरेलले नेपाली राष्ट्रियताका बारेमा लेखेका छन्-

> यसमा हाम्रा पूर्वजहरुको सुस्केरा छ, हाम्रा किसान र ज्यामीहरुले बगाएको पसीना छ, हाम्रा बीर सिपाहीहरुको पराक्रम छ, आंटिला पर्वतारोहीहरुको अद्भूत साहस छ, डाँडाकाँडाभित्र लुकेर बसेका खानीहरुको गहक छ, पाखापखेरामा फुल्ने अनुपम फूलहरुको महक छ, डाँफे र मुजुरहरुको केलिक्रीडा छ, गैंडा र हात्तीहरुको लचक छ, असारे र लैवरीको घन्काइ छ, धाननाच र घाटुको आङ मर्काई छ, पशुपति र स्वयंभूको जात्रा छ, दशैं र घोडेजात्राको उमङ्ग छ, भिक्षु र सन्यासीको आध्यात्मिकता छ, अमर शहीदहरुको बलिदान छ, राजा र प्रजाको सहयोग छ, उकाली र ओह्रालीको थरक छ, भन्ज्याङहरुको शीतलु छाया छ, डोका र खर्पनहरुको करामत छ, चौतारीज्यानका बरपिपलु छन्, अल्लारे ज्यानका डम्फु र मादलु छन, खोलानालाका उर्लाई छन्, ढुकुरका कुर्लाई छन् र छन् नेपाल र नेपालीलाई चिनाउने अनुहार, पोशाक, आनीबानी, चालचलन इत्यादि । (पोखरेल, २०२७, पृ. १५७-१५८)

**राष्ट्रिय एकता र नेपाल**

नेपाल जातजाति, भाषाभाषी, संस्कृति, धर्म तथा भौगोलिक आधारमा विविधतायुक्त देश हो । नेपालमा १२३ मातृभाषा बोल्ने १२५ जातजातिका मानिसहरुको बसोबास रहेको र १० प्रकारका धर्महरु अस्तित्वमा छन् भन्ने २०६८ सालको जनगणनाबाट देखिन्छ । (केन्द्रीय तथ्याङ्क विभाग, २०६९, धारा ३२) राष्ट्रले भौगोलिक सीमांकन गर्नेभन्दा पनि भावनात्मक र संवेगात्मक एकता र भावनालाई समेटेको हुन्छ । नेपालमा बोलिने सबै भाषालाई समान संरक्षण गरिने भनी संविधानमा व्यवस्था भएको छ । (*नेपालको संविधान,* २०७२) त्यस्तै सबै प्रकारका धर्म, वर्ण, जातजाति, सम्प्रदाय वा क्षेत्रका मानिसहरुलाई एकताको सूत्रमा आवद्ध गराउने माध्यमका रुपमा राष्ट्रलाई लिइएको छ । नेपाली जनताबीच रहेको भावनात्मक एकता, जातीय सहिष्णुता, धार्मिक सहिष्णुता जस्ता कुराले नै नेपाललाई एउटा सिंगो राष्ट्रका रुपमा स्थापित गरेको छ । नेपालका सबै जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रहनसहन, रीतिरिवाजको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व सरकारको हो । संविधानमा राष्ट्रलाई "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो" (*नेपालको संविधान,* २०७२, धारा ३) अनि "नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य हो" (*नेपालको संविधान,* २०७२, धारा ४) भन्ने व्यवस्था भएको छ ।

**नेपालको सन्दर्भमा राष्ट्रिय एकताका कारक तत्वहरु**

**(क) धार्मिक सहिष्णुता**

नेपालमा हिन्दू, वौद्ध, इस्लाम, किराँत, क्रिश्चियन, प्रकृति लगायत १० वटा धर्म मानिन्छन् । ती सबै

धर्महरुबीच सदासर्वदा धार्मिक सहिष्णुता रहीआएको छ र धर्मका नाममा कहिल्यै पनि राग, द्वेष, घृणा वा वैमनस्यताको स्थिति सिर्जना भएन । बुद्धधर्म नेपालकै योगदान हो । बुद्धलाई सनातन हिन्दू धर्मका भगवान् विष्णुको नवौं अवतार मानिन्छ । हिन्दू राजा अंशुवर्माकी छोरी भृकुटीले भोटका राजा स्रङचङगम्पोसँग विवाह भएपश्चात् बुद्धधर्मको सेवा गरेर ठूलो ख्याति आर्जन गरिन् । हिन्दूले वौद्धगुम्वाको र बौद्धले हिन्दू मन्दिरको दर्शन गर्ने परम्परा यहाँ छ । यस बाहेक किराँत, हिन्दू र वौद्ध धर्मावलम्बीहरुमा पनि एकअर्काको संस्कृति, परम्परा र पूजा-अनुष्ठानको अवलम्बन गर्ने प्रवृत्ति विद्यमान छ । (नेपाल, २०७५-०६-२५, पृ.४) आजका नयाँ पुस्ताहरुले त हिन्दू, वौद्ध, इस्लाम, किरांत, क्रिश्चियन सबैका मुख्य-मुख्य चाडपर्बहरु दशैं, तिहार, ल्होसार, इद, क्रिसमस, उँधौलीउँभौली, बुद्धजयन्ति, साकेला, माघी, गौरा, छठ, होली, तीज आदिमा सहभागी हुने र संयुक्तरुपमा रमाउने गर्छन् । (जोशी, २०७५-०६-२७, पृ.क)

**(ख) भाषा**

२०६८ सालको जनगणनामा नेपालभित्र बोलिने १२३ वटा मातृभाषाहरुको पहिचान भएको थियो । हाल यो संख्या अझै बढ्दो छ । नेपाली भाषाले सरकारी कामकाजको भाषाको हैसियत राख्दछ र यो भाषा नै अरु विभिन्न मातृभाषा बोल्नेहरुका बीचको सम्पर्क भाषा पनि हो जसलाई सबै जातजातिहरुले अपनाएका छन् ।

**(ग) जातजाति**

नेपालमा १२५ वटा जातजाति रहेका छन्, जसमा परापूर्वकालमा इरानतिरबाट आएका आर्य, ककेसियाबाट आएका खस, मंगोलियाबाट आएका मंगोल अनि दक्षिण भारततिरबाट आएका आर्यब्राह्मणहरुको सम्मिश्रण छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपाललाई चार वर्ण छत्तीस जातको फूलबारी भनेका छन् । यहाँका हिमाल, पहाड र तराईमा बस्ने सबै जातजातिहरुमा म नेपाली हुँ, भन्ने आत्मबोधका साथै एउटै राष्ट्रिय साइनोमा आवद्ध भाइचाराको भावना छ । साथै, एक अर्काका संस्कृति, भेषभूषा, रीतिरिवाजप्रति सम्मान र सहिष्णुता देखाउने प्रवृत्ति विद्यमान छ । चाहे आदिवासी होस्, चाहे अनादिवासी होस्, चाहे आप्रवासी होस, (प्रसाई, २०७६-८-२२, पृ. ५) ती सबैको सम्मिश्रण, भाइचारा र एकताबाटै राष्ट्रिय एकता सुदृढ भएको छ ।

**(घ) राष्ट्रिय स्वाभिमानको अक्षुण्णता**

अनादिकालदेखि नै नेपालमा परचक्रीहरु टिक्न सकेका छैनन् । यो देश सदा नेपालीहरुकै रही आएको छ । यो हाम्रो स्वाभिमानको विषय हो । सम्राट अशोक जस्ता विजेता शासक पनि नेपालका किराँती राज स्थुंकोका सामु टिक्न नसकिने देखी छोरीको विवाह यहाँ गरिदिएर त्यसै फर्किएका थिए । (अर्याल, २०४३, पृ.२३) काश्मिरबाट नेपाल हान्न आएका जयापिड विनयादित्यलाई नेपालका अरमुण्डीले हायलकायल पारेर धुलो चटाएका थिए । (अर्याल, २०४३, पृ.५६) इतिहासको कालखण्डमा नेपालमा आक्रमण गर्न खोज्नेहरुमध्ये १८२० सालमा (अर्याल, २०४३, पृ.१८६) मिरकासिमलाई, १८१९ सालमा (अर्याल, २०४३, पृ.१८७) किनलोकलाई, १८४८ सालमा मुकाङआनलाई, १८७२ सालताका (अर्याल, २०४३, पृ.२०९-१८) इस्टइण्डिया सरकारलाई, १९११ सालमा भोटलाई (अर्याल, २०४३, पृ.२४१) नेपालीले दोहोलो काढेर लखेटी स्वदेशको रक्षा गरेका थिए । नेपालको राष्ट्रिय स्वाभिमानको उल्लेखनीय पक्ष नै के हो भने समकालीन घटनाक्रममा नेपाललाई कसैको नाकाबन्दीले सम्म पनि गलाउन सकेन, बरु राष्ट्रिय एकताको भावना चट्टान जस्तै झन् सुदृढ भयो । यहाँको सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई तहसनहस पार्न तम्सिएकाहरु पनि आफैँ लखतरान भई थाकेर लुसुक्क पाखा लागे । यसरी अनादिकालदेखि स्वतन्त्र राष्ट्रका रुपमा विकसित र अक्षुण्ण रही आएकाले अखण्डता, सार्वभौमिकता, सामरिक स्वावलम्बन, देशभक्ति जस्ता सबै गुणहरु नेपालको राष्ट्रियतामा विद्यमान छन् ।

**(ङ) सभ्यताको धरोहर**

नेपाल न त धेरै ठूलो देश हो, न त धेरै सानो । विश्वका अन्य मुलुकहरुसँग क्षेत्रफलका आधारमा तुलना गर्ने हो भने, हाम्रो देश सानोमा ४९ औं क्रममा अनि ठूलोमा पनि ४९ औं क्रममा नै पर्दछ । त्यसैले जम्मा क्षेत्रफल १४७१८१ वर्ग किलोमिटर भएको देश भएर पनि सीमित भूभागभित्रै ७ वटा सभ्यताको आविर्भाव र विकास हुनु र अन्य राष्ट्रहरुका भूभागसम्म फैलनु (नवीन खड्काले दिएका अन्तर्वार्ता) नेपालको अचम्मको विशेषता हो । कोशी सभ्यता इन्द्रावती नदीभन्दा पूर्वतिर विस्तार भई मित्रराष्ट्र भारतको दार्जिलिंग, सिक्किम र आसामसम्म, मित्रराष्ट्र भुटान अनि मित्रराष्ट्र वर्माको ऐरावती नदीसम्म फैलिएको छ । वागमती सभ्यता काठमाडौं उपत्यका र आसपासमा आविर्भाव र विस्तार भएको छ । त्रिशुली सभ्यता त्रिशुली नदीभन्दा पूर्वतिरका भूभागमा विस्तार भएको छ । गण्डकी सभ्यता त्रिशुली नदीभन्दा पश्चिमतर्फ कालीगण्डकी नदीको सेरोफेरोभित्र पर्ने भूभागमा विस्तार भएको छ। भेरी कर्णाली सभ्यता गण्डकी नदीभन्दा पश्चिमतर्फ भेरी नदीसम्मका भूभागमा विस्तार भएको छ भने, सेती महाकाली सभ्यता भेरी नदीभन्दा पश्चिमतर्फका भूभागस्थित सेती महाकाली नदीका सेरोफेरो लगायत मित्रराष्ट्र भारतका पिथौरागढ, कुमाऊँ, गढवाल, नैनीताल क्षेत्रभरि विस्तार भएको छ। मिथिला सभ्यता तराईको जनकपुरबाट आविर्भाव भई त्यसैसंग जोडिएको मित्रराष्ट्र भारतको निकै ठूलो भूभागसम्म विस्तार भएको छ ।

**(च) साहित्य**

वेदका कतिपय ऋचाहरु नेपालमा सिर्जना भएका हुन् भने भैसालोटन स्थित बाल्मीकिनगरमा महर्षि बाल्मीकिबाट संस्कृतको प्रथम महाकाव्य बाल्मीकि रामायणको सिर्जना भयो । किराँत धर्मग्रन्थ मुन्धुमको सिर्जना पूर्वी नेपालमा नै भएको थियो भने लघुसिद्धान्त कौमुदी जस्तो सन्सारकै सबैभन्दा वैज्ञानिक ठहरिएको संस्कृत व्याकरण अर्घाखांचीको पणेनामा, अमरकोश जस्तो संस्कृतको प्रथम प्रामाणिक पर्यायवाची कोशको सिर्जना नेपालकै पाटनमा, स्वस्थानी ब्रतकथाको सिर्जना काठमाडौं उपत्यकामा, वेदव्यासका अठार पुराणहरु, मैथिली कवि विद्यापतिका अमर रचनाहरु नेपाल भूमिमा नै सिर्जना भएका हुन् । (नेपाल, २०७५-०६-११, पृ.४)

**(छ) दार्शनिक चिन्तनको उद्‌गमस्थल**

पौराणिक गाथाअनुसार नेपाल कैयौं विख्यात ऋषि-महर्षिहरुको जन्मभूमि, तपोभूमि र कर्मभूमिका रुपमा रहेको छ; जस्तै अहाशिरा, उपमन्यु, कश्यप, कपिल, कौशिक, गार्गी (महिला ऋषि), गौतम, जनक, जमदग्नी, परशुराम, पुलह, भृगु, माण्डव, मैत्री, मैत्रेयी (महिला ऋषि), मौद्‌गल्य, यज्ञवल्क्य, व्यास, वशिष्ठ, विश्वामित्र, शाण्डिल्य, नेमुनि, किराँत ऋषि आकुनि, किराँत तथा हिन्दूका आराध्य देवदेवी महादेव र पार्वती (जसलाई किराँतहरुले पारुहाङ र सुम्निमाका नामबाट, लिम्बूहरुले धावासाम र युवासामको नामबाट इष्टदेवदेवीको रुपमा मान्ने गरेका छन्) । जडभरतको जन्मस्थल कालीगण्डकी, संस्कृत वैयाकरण पाणिनीको जन्मस्थल अर्घाखाँची, संस्कृतको अमरकोषका रचनाकार अमरसिंह वांडाको जन्मस्थल पाटन रहेको छ। इतिहासकालमा लुम्बिनीका गौतमबुद्ध, काठमाडौंका अम्बरगीर, ताप्लेजुङ, सिनामका श्रीजंगा, इलाम, फिक्कलका सन्त ज्ञानदिलदास, प्युठान, स्वर्गद्वारीका महाप्रभु, गुल्मी, रेसुङ्गाका शशीधर, भोजपुर दिङ्लाका षडानन्द, भोजपुर, गोगनेकी योगमाया न्यौपाने जस्ता दार्शनिक, चिन्तक तथा सामाजिक अभियन्ताहरुको त्याग, तपस्या र कर्मण्यताबाट सिंचित छ। मैथिली भाषाका विख्यात श्रृंगार कवि विद्यापति र मैथिलीकै विख्यात हास्य कथाकार गोनुझाको जन्मभूमि र कर्मभूमि नेपालकै माटो रहेको छ। हाम्रै लुम्बिनीका सिद्धार्थ गौतमले प्रतिपादन गरेको बौद्धदर्शन विश्वका अरबौं बौद्धमार्गीहरुले अवलम्बन गरिरहेका छन् । देवीका रुपमा हाम्रै जनकपुरकी चेली सीतालाई विश्वका अरबौं हिन्दूहरुले अनि हाम्रै राजकुमारी भृकुटीलाई चीनका अरबौं जनताले पुजिरहेका छन् ।

**(ज) कला**

भवन तथा मन्दिरहरुमा प्रयोग हुने पगोडा शैलीको आविष्कार नेपालमा भएको हो। ऐतिहासिक स्थापत्यकलाको अद्भूत नमुनाका रुपमा चाँगुनारायणको मन्दिर, पाटनको कृष्णमन्दिर अद्यापि छँदैछन्। नेपालका अरनिको अर्थात बलबाहु नामका कलाकारले चीनका कुब्लाखाँको दरबारमा आफ्नो विशिष्ट प्रतिष्ठा र पहिचान स्थापित गरेको कुरा इतिहासमा उल्लिखित छ।

**राष्ट्रिय एकता थप मजवूत बनाउनका लागि अवसर**

**(क) संघीयता**

विगतको एकात्मक शासन प्रणालीमा मुलुकभित्रका विभिन्न क्षेत्र, तह र तप्काका जनसमुदायलाई उकुस मुकुसको स्थिति हुँदा पनि राष्ट्रिय एकता अक्षुण्ण रहेकै थियो भने वर्तमान संविधानले संघीय शासन प्रणालीको प्रत्याभूति गरेकाले यो खुला वातावरणमा राष्ट्रिय एकताको भावना अझै मजबुत हुने अवसर प्राप्त भएको छ।

**(ख) धर्मनिरपेक्षता**

विगतमा नेपाललाई हिन्दू अधिराज्यका रुपमा अनुवन्धित गरिएकोमा त्यसबाट अन्य धर्मावलम्बीहरु कुण्ठित हुन नपरोस् भनेर वर्तमान संविधानले धर्मनिरपेक्ष साथै समावेशी राज्यका रुपमा स्थापित गरेको स्थिति भएकाले सबै धर्मावलम्बीहरुले समानताको अनुभव गर्दै साथै पिछडिएको तह र तप्काका सीमान्तीकृत जनसमुदायले पनि समावेशिताको आस्वादन गर्दै राष्ट्रिय एकतालाई अझै प्रवल र सुदृढ बनाउने मार्गमा अग्रसर हुने ढोका खुलेकोछ। (भट्ट, २०७५-०९-१७, पृ.६)

**(ग) राष्ट्रिय भाषा**

विगतमा नेपाली भाषालाई मात्र राष्ट्रिय भाषाको मान्यता दिइएकामा वर्तमान संविधानले नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्रिय भाषाको मान्यता दिई नेपाली भाषालाई सरकारी कामकाजको भाषाका रुपमा स्थापित गरिदिएकाले विगतमा आफूलाई उपेक्षित अनुभव गरेका भाषिक समुदायले पनि अब सन्तुष्टिको अनुभूत गर्दै राष्ट्रिय एकताको मूल प्रवाहमा जागरुक हुने अवस्था सिर्जना भएको छ। भाषा आयोगले नेपालका सबै भाषाहरुको सम्वर्द्धन र लोपोन्मुख भाषाहरुको संरक्षण गर्ने कार्यलाई तीव्रता दिएको छ।

**(घ) सञ्चारको विकास**

मोवायल फोन, इन्टरनेट तथा सामाजिक संजालको विकास र विस्तारले गर्दा सञ्चारमा आम जनसाधारणको पहुँच सहज भएको छ। यसबाट हिमाल, पहाड, तराई सर्वत्रका जनताबीच सम्पर्क तथा सञ्चार भई विचारको आदानप्रदान, सम्बन्धको विस्तार र भाइचारा तथा घनिष्टता बढेर राष्ट्रिय एकतामा ठूलो योगदान भएको छ। यसै गरी यातायातमा भएको विकासले पनि आपसी सम्पर्क र सम्बन्धमा विस्तार भई एकताको भावनाको थप विकास भएको छ।

**(ङ) कानुनी आधारशिला**

कानुनमा भएका क्रमिक तथा नवीनतम संशोधन तथा परिमार्जनबाट जातीय छुवाछुत तथा विभेदलाई दण्डनीय घोषित गरिएपछि मुलुकभित्रका सबै जातजातिबीच सु-सम्बन्ध र अपनत्वको भावना विकास भई राष्ट्रिय एकतामा थप योगदान पुगेको छ।

**राष्ट्रिय एकताका चुनौतीहरु र समाधान**

सुदृढ र मजबूत राष्ट्रिय एकता हुँदाहुँदै पनि त्यसमा कहिलेकाहीँ चुनौतीहरु देखापर्ने गर्दछन्। हाम्रो देश विकासोन्मुख देश हो र भर्खरै मात्र क्रमशः समृद्धिको मार्गमा अग्रसर भइरहेको छ। त्यसैले यहाँ गरिबी र बेरोजगारी व्याप्त छ। गरिबी र बेरोजगारीको कुण्ठाग्रस्त जीवन बाँचिरहेका जनमानसमा राष्ट्रिय एकताप्रति विचलन उत्पन्न हुन सक्ने सम्भावना रहन्छ। यही अवस्था अशिक्षाले पनि निम्त्याउन सक्छ। सुदृढ कानुनी संरचनाको स्थापना भइसकेको भए पनि

समाजबाट जातीय विभेदको भावना पूर्ण रुपमा निर्मूल भइसकेको छैन । १२५ भन्दा बढी जातजाति भएको समाजमा जातीय विभेद तथा छुवाछुतको भावनाबाट सताइएको पीडित समुदायमा नैराश्य तथा कुण्ठा उत्पन्न भई राष्ट्रिय एकताप्रति उदासीन हुने स्थितिको सम्भावनालाई नकार्न सकिन्न । यातायातको सहजता नभएका अति दुर्गम स्थानका जनसमुदायहरुको केन्द्रसँग वा राजधानीसँग सम्पर्क वा सम्बन्ध नभएपछि त्यस्तो समुदाय राज्यबाट उपलव्ध हुने सेवा-सुविधाबाट बञ्चित हुने स्थिति हुन्छ । यसबाट उनीहरुमा राष्ट्रिय एकताप्रति नकारात्मक भावना आउन सक्छ । यी सबै कुराभन्दा पनि अझ खतरनाक चुनौती हो निहित स्वार्थ प्रेरित राजनीति । संविधानले प्रत्याभूति गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा राजनीतिक स्वतन्त्रताको आडमा कसैबाट निहित स्वार्थबाट प्रेरित हुँदै सामाजिक सद्भावना विथोल्ने, अशिक्षित जनतालाई दिग्भ्रमित बनाउने, मुलुकमा धर्म वा जात वा वर्गको आधारमा राग, द्वेष, कलह वा वैमनस्यताको स्थिति सिर्जना गर्ने खालका अभिव्यक्ति वा सन्देश प्रवाह गर्ने वा त्यस्तै उद्देश्य प्रेरित वा विखण्डनकारी राजनीति गर्ने कुचेष्टा भयो भने राष्ट्रिय एकतामा त्यस्तो प्रवृत्ति पनि प्रत्युत्पादक हुन सक्छ । यस्ता खाले चुनौतीहरुको सामना गर्नका लागि राज्य संयन्त्रले अशिक्षा, गरिबी र बेरोजगारी समस्या समाधानका लागि ठोस कार्यक्रम कार्यान्वयन गर्ने, जनमानसमा सुशासनको प्रत्याभूति गर्दै दण्डहीनतालाई निर्मूल गर्ने र सामाजिक सद्भावना विथोल्ने खालका राजनीतिक गतिविधिउपर कठोर प्रहार गर्ने कार्यलाई तीव्रता दिनुपर्दछ ।

## निष्कर्ष

राष्ट्रिय एकताका लागि देशवासीहरुमा राष्ट्रप्रेम अपरिहार्य हुन्छ । सडकमा राष्ट्रियताको चर्को नारा लगाउँदै सडक तताई भीडलाई एकछिन उत्तेजित बनाएर अथवा कोरा भावुकतामा आधारित राष्ट्रियताको दर्शन छांटेर पत्रपत्रिका वा सामाजिक सन्जालमा सञ्चार गरेर मात्र भने कोही पनि राष्ट्रप्रेमी कहलाउँदैन । त्यसबाट क्षणिक रुपमा सस्तो लोकप्रियता त आर्जन हुनसक्ला, तर त्यो थोरै समयमा नै पानीको फोका जस्तै विलाएर जान्छ । जनतालाई राष्ट्रियताप्रति जागरुक बनाउन र शासकहरुलाई न्यायको मार्गतर्फ उन्मुख हुने खबरदारी गर्नका लागि सचेत राष्ट्रप्रेमीले कलम र वाणी दुबै चलाउनु बाञ्छनीय नै हुन्छ, तर यतिले मात्रै राष्ट्रियता र राष्ट्रिय एकता सुदृढ हुने होइन । राष्ट्रको हितमा ठोस रुपले रचनात्मक कार्य गरेपछि मात्र राष्ट्रियता सुदृढ हुन्छ । जनतालाई दिग्भ्रमित बनाएर सामाजिक सद्भावना विथोल्ने कपटी मनसायबाट प्रवाह गरिएको राष्ट्रियताको नारा वा लेखनी त झन् घातक हुन्छ । राजनीतिक अधिकार र वाक् स्वतन्त्रताको प्रयोग गर्ने नाममा कर्तव्यउपर हथौडा मारेमा त्यसको चोट समाज र राष्ट्रलाई नै पर्छ र अन्ततोगत्वा त्यस्तो व्यक्ति स्वयंलाई नै पर्छ । जनसाधारणलाई सताउन र दिग्भ्रमित तुल्याउन राजनीतिक अधिकारको सिर्जना भएको हुँदै होइन । राष्ट्रियता रहेन भने राष्ट्र नै रहँदैन, राष्ट्रियताको त कुरै भएन । पारिजातको सुगन्धित फूलबाट बहुतै मिहिनेत लगाएर सुन्दर माला उनेको भए पनि धागो फोस्के वा मच्चा पर्न गयो वा मक्कियो भने माला छिन्नभिन्न हुन्छ, राष्ट्रियता भनेको मालामा जडित फूल हो र राष्ट्रिय एकता चाहिँ धागो हो जो मजबूत हुनुपर्छ, अनि मात्र हाम्रो गौरवमय राष्ट्रिय एकताको गीत सार्थक हुनेछ - "सयौं थुंगा फूलका हामी एउटै माला नेपाली सार्वभौम भई फैलिएका मेची-महाकाली ।"

## सन्दर्भ सामग्री सूची


अधिकारी, नारायण प्रसाद र अरु (२०७०) *आर्य-खसका १५००० बर्ष,* काठमाडौं : मधुवन प्रकाशन ।

अर्याल, ईश्वरराज, (२०४३) *नयां नेपालको इतिहास* , काठमाडौं : रत्नपुस्तक भण्डार ।

(किराँती, राजेन्द्र, (२०७४-०२-१०), राष्ट्रवादको अपव्याख्या, *गोरखापत्र,* पृ.७ ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०६९) *राष्ट्रिय जनगणना २०६८ संक्षिप्त नतिजा*

खंड्का, श्याम बहादुर, (२०७२) *मस्टो संस्कृति र परम्परा,* काठमाडौं : एकता बुक्स

खनाल, कृष्ण, (२०७५-०७-२९), राष्ट्रवाद कि देशभक्ति, *कान्तिपुर पृ.*६ ।

गोरखापत्र संस्थान, (२०७४ जेठ) *मधुपर्क (अमूर्त संस्कृति विशेषाङ्क)*

जोशी, शम्भुराम, (२०७५-०६-०७), कार्य संस्कृति र दशैं; *गोरखापत्र,* पृ.क ।

*नेपालको संविधान,* २०७२ ।

नेपाल, प्रदीप, (२०७५-०६-२५), दशैं, रामायण र किरांत, *गोरखापत्र,* पृ.४ ।

पोखरेल, बालकृष्ण, (२०२७) *कलेजस्तरका निबन्धै निबन्ध* काठमाडौं : सहयोगी प्रकाशन

पोखरेल, माधव प्रसाद, सं. (२०५८) *जनकलाल शर्माका प्रबन्ध* काठमाडौं : बगर फाउण्डेशन नेपाल ।

प्रसाइँ, दीर्घराज, (२०७६-०८-२९), पाठक आवाज, *गोरखापत्र,* पृ. ५ ।

भट्ट, चन्द्रदेव, (२०७५-०९-१७), धर्मनिरपेक्षताको राजनीति, *कान्तिपुर,* पृ.६ ।

भट्टराई, बदरीनाथ, (२०१७) *पच्चीस प्रबन्ध* काठमाडौं : नेपाली भाषा प्रकाशन समिति ।

योगी नरहरिनाथ, (२०३८) *देवभूमि भारत एवम् आध्यात्मिक नेपाल (पहिलो भाग)* ।

योगी नरहरिनाथ, (२०७१) *हिमवत्खण्ड (दो.सं.)* काठमाडौं; नइ प्रकाशन ।

रावल, भीम, (२०७३-०९-२३), राष्ट्रवाद, अन्धराष्ट्रवाद र अतिवाद, *कान्तिपुर,* पृ.७ ।

सामाजिक सन्जाल युट्युब (इन्द्रेणी कार्यक्रमका संचालक कृष्ण कंडेलले लोकगायक तथा संस्कृतिविद् नवीन खड्कासंग लिएको भीडियो अन्तरवार्ता)

सिटौला, खगेन्द्रराज (२०६९) *पृथ्वीविचार र व्यवहार,* द एक्स्प्लोर नेपाल ग्रुप